


# बाल संरक्षण सचेतना पुस्तिका

Save the Children

CWISH

# बाल संरक्षण सचेतन पुस्तिका

**समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)**

**Children and Women in Social Services & Human Rights**

त्रिरत्न मार्ग, बुद्धनगर-१०, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. २१४३३, फोन : +९७७-१-४७८४५४५, ४७८१३८६,
फ्याक्स : +९७७-१-४७८१३८६, **इमेल:** info@cwish.org.np,
**वेब:** www.cwish.org.np

# बाल संरक्षण सचेतना पुस्तिका




सल्लाहकार : विमला ज्ञवाली
शान्ति अधिकारी
कृष्ण सुवेदी
सरोज के. सी.
युवराज घिमिरे

व्यवस्थापन : प्रमोद आचार्य

लेखन, संकलन तथा सम्पादन : रमेशकुमार पौडेल

लेआउट/डिजाईन : स्वपन प्रधान

# मन्तव्य

बालसंरक्षण बालअधिकारको महत्वपूर्ण सवाल हो । बालबालिकाका शारीरिक मानसिक संवेगात्मक विकासमा अवरोध सिर्जना गर्ने तथा नकारात्मक असर पार्ने कार्य वा व्यवहारबाट जोगाउनु नै बालसंरक्षण हो । राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ का धारा ४, धारा १९, धारा ३२, धारा ३३, धारा ३४ धारा ३५ धारा ३८ लगायतका धाराहरूमा बालसंरक्षणको प्रष्ट व्यवस्था गरिएको छ । यसैगरी हालै जारी भएको नेपालको संविधान २०७२ को धारा ३९ ले बालबालिकाको संरक्षणको सवालमा प्रष्ट बोलेको छ ।

बालसंरक्षणका लागि अन्य नीतिगत व्यवस्था लगायत बाल कल्याण समितिहरू, बाल हेल्पलाइन तथा खोजतलास केन्द्र जस्ता संरचनागत व्यवस्थाहरू पनि गरिएका छन् । गैर सरकारी क्षेत्रबाट समेत बालसंरक्षणका प्रयास जारी छन् । यसरी बालसंरक्षणका लागि हाम्रा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरू र केही व्यवहारिक प्रयासहरू गरिएका भएता पनि नेपालका बालबालिका अझै पनि विभिन्न प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, भेदभावका सिकार भइरहेका छन् । यस परिप्रेक्षमा बालसंरक्षणका लागि क्रियाशील सरोकारवाला निकायहरूले हालसम्म गरिएका पहलहरूको समीक्षा गने र कमीकमजोरीहरू पहिचान गर्दै ठोस योजनाका साथ कार्यक्रमहरू सञ्चालन गर्नु नितान्त आवश्यक भइसकेको छ ।

बालसंरक्षणको सवालमा हालको समस्या भनेको बनेका नीति, ऐन कानुनहरू कार्यान्वयनको तहमा कमजोर देखिनु हो । यसका लागि बनाइएका ऐन, कानुन, नीति र निर्देशनहरूको कार्यान्वयनका लागि केन्द्रदेखि स्थानीय तहसम्मका सरोकार वाला निकायहरू संवेदनशील भएर लाग्न आवश्यक छ । स्थानीय तहको सन्दर्भमा बाल संरक्षणका सवालहरूलाई उठान गर्ने पैरवी गर्ने तथा पीडित एवम् प्रभावित बालबालिकालाई आवश्यक सेवाहरू उपलब्ध गराउन गाउँ/नगर बालसंर क्षण समितिको उल्लेख्य भूमिका रहन्छ । यसका लागि बालसंरक्षण समितिहरूले खेल्ने भूमिकाको बारेमा स्वयं बालसंर क्षण समितिहरू सुसूचित हुन जरुरी छ, जो यतिबेर खट्किरहेको विषय हो ।

स्थानीय स्तरको यही आवश्यकतालाई महसुस गर्दै सिविसले प्रस्तुत बालसंरक्षण सचेतना पुस्तिका प्रकाशनमा ल्याएको छ । यस पुस्तकले गाउँ, नगर तथा नगरका वडा तहमा निर्माण भएका बालसंरक्षण समितिहरूलाई उनीहरूले निभाउनु पर्ने भूमिकाबारे प्रष्ट पार्ने र यसका लागि स्रोत परिचालन गर्ने उपायहरूको पहिचान गर्न सहयोग गर्ने छ भन्ने अपेक्षा लिएका छौं । यस सामग्रीका बारेमा रचनात्मक सुझावको पनि उत्तिकै अपेक्षा गरेका छौं ।

धन्यवाद ।

विमला ज्ञवाली
अध्यक्ष

# पुस्तिकाको बारेमा संक्षिप्त जानकारी

१. यो पुस्तिका के हो?

बाल संरक्षण समितिहरूले आफ्ना कार्यक्रम सञ्चालन गर्दा के–के विषयका कस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ र कसरी स्रोत परिचालन गर्न सकिन्छ भन्ने विषयमा यो पुस्तिकामा उल्लेख गरिएको छ ।

२. यो पुस्तिकाको आवश्यकता किन पऱ्यो?

स्थानीय तहमा बाल संरक्षणका समस्याहरूलाई पहिचान उठान गर्न पैरबी गर्न तथा पीडित एवं प्रभावित बालबालिकालाई आवश्यक सेवाहरू उपलब्ध गराउन स्थानीय बाल संरक्षण समितिहरूलाई थप जानकारी एवं सीप प्रदान गर्न यो पुस्तिका तयार पारिएको हो ।

३. यो पुस्तिकाको उद्देश्य के हो?

यो पुस्तिकाले बाल संरक्षण समितिका कार्यक्रमहरूलाई विषय केन्द्रित एवं प्रभावकारी बनाउने, क्रियाशीलतामा वृद्धि गर्ने र यसको लागि सदस्य एवं कार्यकर्ताहरूलाई बाल संरक्षणका सवालहरू विभिन्न कार्यक्रमहरू तथा स्रोत परिचालनका उपायहरूको बारेमा व्यवहारिक जानकारी उपलब्ध गराउने उद्देश्य लिएको छ ।

४. यो पुस्तिका कसका लागि तयार गरिएको हो?

यो पुस्तिका स्थानीय बाल संरक्षण समिति तथा बालमैत्री शासन समितिका सदस्यहरूका लागि तयार पारिएको हो । तर स्थानीय निकायका पदाधिकारीहरू, बाल संरक्षण अभियानमा संलग्न व्यक्ति तथा संस्थाहरूले पनि यस पुस्तिकाको प्रयोग गर्न सक्छन् ।

५. यो पुस्तिका कसरी र कुन समयमा प्रयोग गर्ने हो?

यो पुस्तिकाको बढी प्रभावकारी प्रयोग स्थानीय बाल संरक्षण समितिहरूको क्षमता विकास प्रशिक्षणको समयमा तथा स्थानीय बाल संरक्षण समितिहरूले योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको समयमा सन्दर्भ सामग्रीको रूपमा हुन्छ ।

६. के यो पुस्तिकाभन्दा बाहिरका कुराहरू गर्न सकिँदैन?

यो पुस्तिका केवल सन्दर्भ सामग्री मात्र हो । यसमा लेखिएकाभन्दा बाहिरका कार्यक्रमहरू तथा अभियानहरू पनि सञ्चालन गर्न सकिन्छ । तर यस्ता कार्यक्रमहरू र अभियानहरू सञ्चालन गर्दा बाल संरक्षण तथा बालअधिकारका मूलभूत मान्यताहरूमा नकारात्मक असर पर्ने गरी भने गर्नु हुँदैन ।

७. यो पुस्तिका के होइन?

यो पुस्तिका नेपालको राष्ट्रिय कानुन होइन । यसले कानुनी हैसियत राख्दैन । यो केवल सहयोगी पुस्तिका मात्र हो ।

८. यो पुस्तिका कसरी तयार भएको हो ?

पुस्तक रमेशकुमार पौडेलबाट तयार गरिएको हो । यस पुस्तकका महत्वपूर्ण अंशहरू केन्द्रीय बालकल्याण समिति र सिविस प्रकाशक भएको मिति २०६९ मा प्रकाशित बाल संरक्षण हाते पुस्तिकाबाट साभार गरिएको छ ।

९. यो पुस्तिकाको बारेमा सुझाव सल्लाह कसरी दिने ?

यस पुस्तिकाका बारेमा कुनै पनि सुझाव वा प्रतिक्रिया नजिकको जिल्ला बाल कल्याण समिति, केन्द्रीय बालकल्याण समिति वा यस पुस्तकको प्रकाशनमा संलग्न हुनुभएका साझेदार संस्थाहरूका कार्यालयमा हुलाक मार्फत वा इमेलबाट पठाउन सकिन्छ ।

# पहिलो एकाइ
# बालबालिका, बालअधिकार र बालसंरक्षण

## १.१ बालबालिका भनेका को हुन् ?

विश्वव्यापी मान्यता अनुरूप १८ वर्षभन्दा कम उमेका सबै व्यक्तिहरू बालबालिका हुन् । शरीरको बनावट (अग्लो होचो, सपाङ्गता, बलियो वा कमजोर) व्यवहारिक जिम्मेवारी तथा वर्तमान आर्थिक सामाजिक परिवेश वा कुनै विशेष जातजाति तथा सम्प्रदायमा रहँदैमा बालबालिकाको परिभाषा फरक हुँदैन ।

बालअधिकार महासन्धिको धारा १ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका परिभाषित गरेको छ । नेपालमा कानुनतः १६ वर्ष भएपछि वालिग मानिन्छ तर विभिन्न कानुनी प्रयोजनका लागि बालबालिकालाई विभिन्न उमेर समूहमा परिभाषित गरिएको छ ।

## १.२ बालअधिकार भनेको के हो ?

बालबालिकाले एक समृद्ध मानव जीवन जीउनका लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरू नै बालअधिकार हुन् । बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, खेलकुद तथा मनोरञ्जन, माया स्नेह, आफ्ना विचार तथा भावनाको अभिव्यक्ति, आफ्नो संस्कृति तथा धर्म मान्ने एवं कुनै पनि किसिमका जोखिमहरूबाट सुरक्षा पाउने तथा कुनै पनि किसिमका हिंसा, दुर्व्यवहार, भेदभाव एवं शोषण भएका अवस्थामा न्याय र संरक्षणका व्यवस्थाहरू बालबालिकाका मौलिक अधिकारहरू हुन् । यी सुविधा वा दया होइनन् ।

बालअधिकारका व्यवस्थाहरूलाई सहजतापूर्वक बुझ्न तथा कार्यान्वयनमा ल्याउनका लागि चार विभिन्न क्षेत्रमा हे रिने गरेको छ । बालबालिकालाई सुरक्षित जन्म, स्वास्थ्य, दिगो जीवनका लागि खोप, स्वास्थ्य उपचार मातृशिशु स्याहार जस्ता कुराहरूलाई बाँच्न पाउने अधिकारका रूपमा उल्लेख गरिएको छ । बालबालिकाले बिना भेदभाव, शिक्षा मनोरञ्जन, खेलकुद, तालिम एवं प्रशिक्षण जस्ता शारीरिक एवं बौद्धिक विकासका अवसरहरूमा सहभागी हुन पाउने विषयहरूलाई विकासको अधिकार अन्तर्गत हेरिने गरिएको छ । त्यसै गरी बालबालिकाले आफ्ना वा आफूसँग सम्बन्धित विषयहरूमा आफ्ना अनुभव, सुझाव एवं विचारहरू व्यक्त गर्न पाउने, आफ्ना परिवेश अनुसारका विभिन्न सांस्कृति, धार्मिक एवं सामाजिक र शैक्षिक क्रियाकलापहरूमा सहभागिता जनाउन पाउने विषयलाई सहभागिताको अधिकार अन्तर्गत राखिने गरेको छ ।

बालबालिकालाई विभिन्न समयमा आउने सक्ने जोखिमहरूबाट बच्नका लागि पर्याप्त सावधानी तथा पूर्व तयारी तथा व्यवस्थाहरू र कुनै पनि अवस्थामा हिंसा, शोषण, दुर्व्यवहार एवं भेदभावबाट कानुनी, पारिवारिक तथा सामाजिक संर क्षण र न्याय पाउने विषयहरू संरक्षणको अधिकार अन्तर्गत सम्बोधन गर्ने गरिएका छन् ।

१.३ बालसंरक्षण भनेको के हो ?

बालसंरक्षण भन्नाले बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा नकारात्मक असर पार्ने किसिमका गतिविधिहरूबाट जोगाउनु भन्ने बुझिन्छ । सामान्य अर्थमा कुनै पनि किसिमका खतराहरूबाट बालबालिकालाई सुरक्षित बनाउनु नै बालसंरक्षण हो । यस अन्तर्गत मुख्यतया निम्न जिम्मेवारीहरू पर्दछन् ।

- कुनै पनि स्थान, परिवेश प्रक्रिया वा कार्यक्रमहरू बालबालिकाको सुरक्षाको दुष्टिकोणले उपयुक्त छन् वा छैनन् जाँच्नु र त्यसलाई सुरक्षित बनाउनु ।
- कुनै पनि स्थान, परिवेश प्रक्रिया वा कार्यक्रमहरू गतिबिधिका कारणले सहभागी वा सम्बन्धित बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा नैतिक क्षति पुगेको अवस्थामा उपयुक्त न्यायिक प्रक्रिया अपनाउनु र बालबालिकाको पुनर्स्थापना तथा उपचारको व्यवस्था मिलाउनु ।
- बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा नैतिक क्षति पुग्ने जोखिमहरू तथा सुरक्षाका उपायहरूका बारेमा सामाजिक सचेतना, नीतिगत पैरबी सञ्चालन गर्नु ।
- बालबालिकाको सुरक्षा र जोखिमको मूल्याङ्कन, व्यवस्थापन सचेतना तथा पैरबी कार्यमा बालबालिकाको विचार, भावना अनुभव र सुझावहरूलाई उपयुक्त ढङ्गले सुनुवाइ गर्नु ।

संक्षेपीकरण

- बालअधिकार भनेका बालबालिका आधारभूत आवश्यकता हुन् । बालअधिकार सबैका लागि समान, बराबर र अविच्छिन्न छ । संयुक्त राष्ट्र संघले सन् २० नोभेम्बर १९८९ मा बालअधिकारसम्बन्धी महासन्धि पारित गरेको हो भने नेपालले यसलाई सन् १६ सेप्टेम्बर १९९० मा हस्ताक्षर गरिसकेकोछ । सबै बाल अधिकारहरू बालअधिकारसम्बन्धी महासन्धिका मूतभूत सिद्धान्तमा आधारित छन् । यस महासन्धिले राज्य, समुदाय, अभिभावक तथा वयस्कहरूलाई बालअधिकारको प्रत्याभूति गर्नका लागि जिम्मेवार निकाय/व्यक्ति भनेको छ ।
- बालसंरक्षण भन्नाले बालबालिकालाई कुनै पनि प्रकारका दुर्व्यवहार, उपेक्षा, शोषण र हिंसाबाट जोगाउनु हो ।
- बालसंरक्षणका लागि परिवार, समुदाय र राज्य जिम्मेवार हुन्छन् ।

# दोस्रो एकाइ
# बालसंरक्षणका समस्या तथा परिणाम र असरहरू

## २.१ बालसंरक्षणका समस्याहरू

बालबालिका विश्वभर नै विभिन्न किसिमका जोखिममा बाँचेका छन् भने लाखौं बालबालिका अहिले पनि विभिन्न किसिमका हिंसा, दुर्व्यवहार, शोषण, भय, एवं भेदभावको सिकार भइरहेका छन् । नेपालमा पनि बालबालिका धेरै किसिमका खतरा तथा संरक्षणको अभावबाट सिर्जित समस्याहरूबाट प्रभावित एवं पीडित छन् । नेपालमा बालबालिकाको संरक्षणमा देखिएका मुख्य समस्याका क्षेत्रहरू निम्न छन् :

### भेदभाव

भेदभाव नेपालमा बालबालिकाहरुले भोग्नुपरिरहेको एक प्रमुख संरक्षणको समस्या हो । छोरा र छोरीमा गरिने भेदभाव, अपाङ्गता भएका बालबालिकाविरुद्ध गरिने भेदभाव, जातीयता तथा सम्प्रदायका आधारमा गरिने भेदभाव, एच.आइ.भि. संक्रमित बालबालिकाविरुद्ध गरिने भेदभाव, र बालबालिकाको सामाजिक आर्थिक तथा शैक्षिक प्रगतिका आधारमा गरिने भेदभावहरू नेपाली समाज, घरपरिवार, विद्यालय तथा अन्य विभिन्न निकायहरूमा विद्यमान छन् । २०७१ सालको शिक्षासम्बन्धी प्रतिवेदनअनुसार विद्यालयमा अध्ययनरत अपाङ्गता भएका बालबालिकाको संख्या ७३,५६९ (कुल विद्यार्थी संख्याको ०.९८ प्रतिशत) रहेको छ । यसै गरी एच आइ भि संक्रमित बालबालिकाको संख्या १,९६८ रहेको छ । नेपालमा लिङ्ग पहिचानका लागि गर्भवती महिलाको भिडियो एक्स रे गरिने तथा छोरी भएमा गर्भपतन गर्ने गरेको पाइएको छ , यी दुवै कार्यहरू कानुनतः अपराध मानिएको छ ।

### बालश्रम शोषण :

१४ बर्ष भन्दा कम उमेरका बालबालिकालाई आर्थिक वा अन्य कुनै फाइदा वा अवसरका लागि श्रममा संलग्न गराउनु र १५ देखि १८ बर्ष उमेर समूहका बालबालिकालाई शैक्षिक तथा अन्य अवसरहरूमा असर पुग्ने गरी र कानुनले तोकिदिएको भन्दा बढी समय र बढी काम लगाउनु बालश्रम शोषण हो । नेपाल बालश्रम प्रतिवेदन २०१२ का अनुसार नेपालमा करिब १६ लाख बालबालिका श्रममा संलग्न छन् । नेपाल सरकारले तत्काल उन्मूलन गर्नुपर्ने ८ वटा विभिन्न श्रम क्षेत्रहरूलाई निकृष्ट बालश्रमको क्षेत्रमा रहेको छ, ती हुन् : घरेलु बालश्रम, खानी तथा इँटा भट्टामा काम गर्ने बालबालिका, बाल भरीया, सडक बालबालिका, कार्पेट कारखानामा काम गर्ने बालबालिका, गिटी कुट्ने पेशामा संलग्न बालबालिका, बाल बँधुवा मजदुर तथा बेचबिखनमा परेका बालबालिका । बालश्रममध्येमा पनि जोखिमयुक्त बाल श्रममा रहेका बालबालिकाको संख्या करिब ६ लाख २० हजार रहेको अनुमान गरिएको छ । आइएलओले सन् २००१ मा प्रक्षेपण गरेको तथ्याङ्कअनुसार घरेलु बालश्रममा मात्र ५६ हजार बालबालिकाहरू रहेको छ ।

बालयौन दुर्व्यवहार तथा शोषण : नेपालमा बालबालिका यौन दुर्व्यवहार तथा शोषणबाट पनि पीडित तथा प्रभावित भएका छन् । बालबालिकामाथि यौन आशयकासाथ गरिने कुनै पनि व्यवहारहरू यौन दुर्व्यवहार हुन् । यस्ता व्यवहारहरू बलात्कार, बलात्कारको प्रयास, अश्लिल हाउभाउ इशारा बोली व्यवहार तथा चित्रण आदि पर्दछन् । बालबालिकासँग यौन आशयका साथ गरिएका व्यवहारहरूलाई आर्थिक वा अन्य लाभको श्रोत बनाउनु नै यौन शोषण हो ।

नेपाल प्रहरीको प्रतिवेदन २०६६/६७ ले नेपालभरी भएका ४७७ जबर्जस्ती करणी तथा उद्योगका घटनाहरूमा सिकार भएका ५६६ जनामध्ये ७८ प्रतिशत बालबालिका रहेको देखाएको छ । सिविसले २००५ मा गरेको अध्ययनअनुसार विद्यालय जान नपाएका घरेलु बालश्रमिकहरूमध्ये ५६ प्रतिशत यौन दुर्व्यवहारका सिकार भएका छन् । सिविन र

युनिसेफले गरेको अध्ययनअनुसार नेपालमा विद्यालय अध्ययन गरिरहेकाहरूमध्ये करिब ३५ प्रतिशत बालबालिका यौन दुर्व्यवहारको सिकार भएका छन् । सिविन र सेभ द चिल्ड्रेनले गरेको अध्ययनअनुसार काठमाण्डौ उपत्यकामा विद्यालय जाने बालबालिकाहरूमध्ये ४५ प्रतिशतले यौन दुर्व्यवहार भोगेका छन् । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले सन् २०६५ मा प्रकाशित गरेको प्रतिवेदनअनुसार क्याबिन, दोहोरी साँझ, डान्स रेष्टुरेन्ट तथा मसाज पार्लरहरूमा काम गर्ने ५० हजार कामदारहरू रहेकामा १२ देखि ३० वर्षसम्मका ८० प्रतिशत वा करिब ४० हजार महिला कामदार रहेको पाइन्छ। ती कामदारमध्ये १२ देखि १८ वर्ष उमेरका बालिकाहरूको संख्या उल्लेख्य रहेकोछ।

शारीरिक यातना तथा सजाय एवं हिंसा :

शारीरिक हिंसा, यातना तथा सजायबाट नेपालका अत्यन्तै धेरै बालबालिका प्रभावित छन् । बालबालिकालाई सानो तिनो गल्ती गर्दा, वा उनीहरूको व्यवहारमा सुधार गर्न नसक्दा अभिभावक, शिक्षक, रोजगारदाता, प्रहरी एवं अन्य वयस्कहरूले पनि शारीरिक हिंसा तथा यातनापूर्ण सजायको प्रयोग गर्ने गरेको पाइएको छ। बालबालिका यस किसिमका व्यवहारबाट विद्यालय छोड्ने, घर छोड्ने, जिद्दी हुने, झगडालु बन्ने, कुलतमा लाग्ने र कतिपय घट्नामा ज्यान गएको तथा मनोबैज्ञानिक समस्या बढेर आत्महत्या गरेको पनि पाइएको छ। बालबालिकाका लागि भययुक्त वातावरणको हाबी भएको छ।

द्वन्द्व र यसका नकारात्मक असर :

विभिन्न समयमा चलेका सशस्त्र द्वन्द्व, विद्यालयमा भएका तथा विष्फोटहरू, बालबालिका हिंड्ने बाटो तथा खेल मैदानमा बिछ्याइएका बारुदी सुरुङ्गहरू, विभिन्न आन्दोलन तथा हड्तालमा बालबालिका चढेका बस तथा यातायातका साधनमा भएका आक्रमणहरूले बालबालिकाको जीवनमा भय, त्रास र जोखिमताहरू ल्याइदिएको छ । बालबालिका शारीरिक तथा मानसिक रूपमा विक्षप्त भएका छन् र कतिले ज्यान गुमाएका छन्। तराई मधेसमा २०७२ सालमा लामो समयसम्म भएको आन्दोलनको क्रममा भएको दोहोरो भिडन्तका कारण ४ जना बालबालिकाले गोली लागी ज्यान गुमाउनु पर्‍यो भने बन्द हडतालका कारण करिब १५ लाख बालबालिका विद्यालय जानबाट बञ्चित भए।

बालबालिकाको बेचबिखन तथा ओसारपसार :

नेपालका बालबालिका बेचबखिनको जोखिममा रहेकाछन् । विशेषतः भारतलगायत अन्य अरबी मुलुकहरूमा पनि नेपाली बालबालिकालाई यौन पेशामा जबरजस्ती संलग्न गराउन, बँधुवा मजदुरको रूपमा प्रयोग गर्न, अङ्ग प्रत्यारोपणका लागि, माग्ने पेशामा लगाउन, सर्कस तथा उँट दौडमा प्रयोग गर्न हजारौं बालबालिकालाई ललाई फकाई तथा लोभ लालचमा पारी सिमा पारी पुऱ्याइन्छ र बेचिन्छ। अनुमानित तथ्याङ्कअनुसार हरेका बर्ष १२ देखि १८ हजार नेपाल महिलाहरू भारततर्फ बिक्रीका लागि लगिन्छन् जसको ठूलो हिस्सा बालिकाहरू रहेका छन्। नेपाल प्रहरी, महिला बालबालिका सेवा निर्देशनालयको स्रोतबाट प्राप्त अभिलेखअनुसार २०७१/७२ मा देशभरिबाट बालक २१२ र बालिका २१३ गरी जम्मा ४२५ बालबालिकाको उद्धार गरिएको छ।

धुम्रपान, नशा तथा लागू पदार्थको दुर्व्यसनः

नेपाली बालबालिका विभिन्न भ्रममा परी, रमाइलो वा साथीको लहैलहैमा लागेर तथा धुम्रपान तथा नशालु र लागू पदार्थहरूको बारेमा पर्याप्त जानकारीहरू प्राप्त नभएका कारणले कलिलै उमेरमा यसप्रकारको दुर्व्यसनको सिकार भइरहेका छन्। चुरोट, खैनी, रक्सि तथा विभिन्न किसिमका लागूपदार्थका उत्पादनकर्ता व्यपारीहरूले किशोरावस्थाका बालबालिकालाई यस्ता किसिमको दुर्व्यसनको सिकार बनाइरहेका छन्। राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क

विभागले २०६३ मा गरेको Hard Drug Users in Nepal Some Statitical Facts अध्ययनअनुसार देशभरमा ४६,३०९ जना लागू पदार्थ दुर्व्यसनी रहेको पाइएको थियो । त्यसमध्ये उमेरको आधारमा १५ वर्षभन्दा मुनिका १.२ प्रतिशत र १५-१९ वर्षसम्मका २१.६ प्रतिशत रहेको पाइएको थियो । नेपाल प्रहरीको अभिलेखअनुसार गत वर्ष बालबालिका प्रतिवादी भएका घटनाहरूमध्ये लागू औषधसम्बन्धी मुद्दामा १३ जना बालक र १ बालिका गरी १३ जना बालबालिका परेका थिए । यस वर्ष पनि यो संख्या समान रहेको पाइएको छ । यसैगरी यसै वर्ष लागूऔषध मुद्दामा संलग्न २६ जना बालबालिकालाई बालसुधार गृहमा पठाइएको थियो भने पछि उनीहरूलाई पारिवारिक पुनर्स्थापनसमेत गराइएको थियो । गाँजा, चरेसलगायत डेन्डाइट, बुट पालिस, पेटोल जस्ता पदार्थहरूको पनि यस कार्यमा अत्यधिक प्रयोग गर्ने गरेको पाइएको छ ।

पारिवारिक बिछोड :

नेपालमा बालबालिका विभिन्न कारणले गर्दा पारिवारिक बिछोड, परित्यक्तता तथा अभिभावकत्व विहिन बन्न पुगेका छन् । यसरी पारिवारिक बिछोडमा परेका बालबालिका विभिन्न शारीरिक तथा मानसिक हिंसा एवं दुर्व्यवहारका सिकार हुने खतरामा त हुन्छन् नै साथै पहिचान, नागरिकता जस्ता अधिकारहरूबाट बञ्चित हुन्छन् र अपराधीकरणको सिकार बन्न सक्छन् । विशेषतः हराएका बालबालिका, श्रममा रहेका बालबालिका, सडकमा रहेका बालबालिका, विभिन्न होस्टल तथा बालगृहहरूमा रहेका बालबालिका, अपराधिक गिरोह तथा सशस्त्र समूहसँग रहेका बालबालिका, अपहरण तथा बेचबिखनमा परेका बालबालिका यस समूहमा पर्ने गर्दछन् । बालबालिका खोजतलास समन्वय केन्द्रमा आर्थिक वर्ष २०७१/७२ मा हराएका ७८६ बालबालिकाको सूचना दर्ता भएकोमा सो खोजतलास गरी हराएकामध्ये फेला परेका २८७ लाई परिवारमा पुनर्मिलन गराइएको छ । बेवारिस अवस्थामा फेला परेका ३६० मध्ये २०९ जनालाई परिवारमा पुनर्मिलन तथा पुनर्एकीकरण गरिएको छ । घरपरिवार थाह हुन नसकेका १५१ जना बेवारिस फेला परेका बालबालिकालाई विभिन्न संस्थाहरूमा संरक्षणका लागि राखिएको छ ।

सडक बालबालिका :

सडक जीवन बिताइरहेका बालबालिका बाल संरक्षणको दृष्टिकोणले खतरामा रहेका तथा हिंसा दुर्व्यवहारका सिकार भएका बालबालिका हुन् । केन्द्रीय बालकल्याण समितिको उपत्यकाका सडक बालबालिका र सो क्षेत्रमा कार्यरत संस्थाहरूको नक्साङ्कन प्रतिवेदन २०७२ अनुसार काठमाण्डौ उपत्यकामा सडक बालबालिका रहने विभिन्न २० प्रमुख क्षेत्रमा न्यूनतम २५७ र अधिकतम ३४२ सम्मको संख्यामा सडक बालबालिका रहेको अनुमान गरिएको छ । जसमा १६वर्ष उमेरभन्दा मुनिका सडक बालबालिका भने करिब १२७ जना रहेको अनुमान छ । करिब ५ हजारको संख्यामा नेपालमा रहेका सडक बालबालिकाको दैनिक जीवन यापन तथा जोखिमपूर्ण छ नै साथै यौन शोषण तथा दुर्व्यवहार, हिंसा तथा यातना, आपराधीकरण तथा उनीहरूको शारीरिक स्वास्थ्य, मानसिक, सामाजिक तथा सम्वेगात्मक विकासमा नै गम्भिर नकारात्मक प्रभावबाट पीडित भइरहेका छन् ।

बालबिज्याइ तथा सजायः

बालबालिकाले विभिन्न कारणवश गर्ने वा गर्न लगाउने कानुनद्वारा वर्जित कामहरू नै बालबिज्याइ हुन् । बालबालिकाले गर्ने सानोतिनो चोरी, पकेटमारी, झगडा वा तोडफोड जस्ता कार्यहरूलाई बालबिज्याइ अन्तर्गत लिइन्छ ।

बालबालिका यस्ता घट्नाको सम्भावित परिणामहरूको बारेमा पूर्णतया जानकार हुँदैनन् तथा विभिन्न परिवेश, सामाजिक संस्कार तथा उनीहरूप्रतिको व्यवहार वा विभिन्न कथा तथा चलचित्रहरूबाट प्रभावित भएर गरिने हुँदा यी

बालविवाहः

बालविवाह नेपाली बालबालिकाले भोग्नु परिरहेको अर्को प्रमुख समस्या हो। सन् २००५ देखि २०१३ सम्मको तथ्याङ्कको आधारमा युनिसेफले सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालमा १५ वर्ष मुनिका विवाहितहरू १०.१ प्रतिशत रहेका छन् भने १८ वर्ष मुनिका विवाहितहरू ४०.७ प्रतिशत रहेका छन्। समाजमा बालविवाहका घटनाहरू हुनेगरेको भएतापनि यसको विरुद्ध उजुरी परी कारबाहीको प्रक्रिया अघि बढाउने प्रचलन भने न्यून रहेको छ। आर्थिक वर्ष २०७०/७१ मा नेपाल प्रहरीमा जम्मा २३ वटा मात्र बालविवाहविरुद्ध उजुरी परेको पाइन्छ । यसै वर्ष महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजनमा नेपालमा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तयार गर्ने क्रममा बालविवाहको दर उच्च रहेका बभाङ्ग, बैतडी, दैलेख, कपिलवस्तु, रौतहट र सप्तरी जिल्लाहरूमा २४ वर्ष र सोभन्दा कम उमेरका १,२०० विवाहित महिलाहरूमा गरिएको खोजमूलक अनुसन्धान र सरोकारवालाहरूसँगको छलफलसमेतको आधारमा हेर्दा ६६ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष उमेर पुग्नु अगावै भएको पाइयो। यसैगरी बालिकाहरूको विवाहको औसत उमेर १६ रहेको पाइयो। बालविवाहका कारणबाट धेरै बालिकाहरूमा हुने असामयिक गर्भधारण तथा प्रसव समस्याका कारण सानै उमेरमा मृत्यु हुने, सानै उमेरमा वयस्कको जिम्मेवारी सम्हाल्नुपर्दा उनीहरूको शैक्षिक, व्यवहारिक, सामाजिक विकास तथा बालपनमा धेरै नकारात्मक प्रभावहरू पर्ने गरेका छन्। प्रजनन स्वास्थ्यसम्बन्धी पर्याप्त जानकारीहरू नहुँदा, जीवनोपयोगी सीपहरू तथा किशोरावस्थाका बारेमा पर्याप्त जानकारीहरू एवं परामर्श सेवाहरू नहुँदा धेरै किशोरकिशोरीहरू पनि यस समस्याबाट पीडित भएका छन्। नेपालको कानुनअनुसार अभिभावकको सहमतिमा १८ वर्ष उमेर नपुगी विवाह गर्न पाइदैन र अभिभावकको मञ्जुरीबिना नै विवाह गर्न २० वर्ष उमेर पुग्नु जरुरी छ।

भूकम्पबाट प्रभावित बालबालिका :

२०७२ साल बैशाख १२ गते शनिबारका दिन ११:५६ बजे गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर ७.८ म्याग्नीच्युटको भूकम्प गयो । यसले नेपालका जनधनको ठूलो क्षति गऱ्यो । यसपछि पनि सयौं ठूलासाना भूकम्पहरू गए र यसले थप क्षति पुऱ्यायो । भूकम्पका कारण ५,३६,९४८ वटा घरहरू पूर्ण रूपमा क्षति भए भने यसबाट ११,२१,००८ जना बालबालिका प्रभावित भएका थिए । भूकम्पले धेरै प्रभाव पारेका १४ वटा जिल्लाहरूको हालसम्म केन्द्रीय बालकल्याण समितिमा प्राप्त तथ्याङ्कअनुसार बाबुआमा दुवै गुमाउने बालबालिकाको संख्या १७६ रहेको छ । आमा गुमाएका ८६५ जनार बाबु गमाएका ९७२ जना रहेका छन्। भूकम्पका कारण ८,७९० जनाले ज्यान गुमाउनु परेको थियो भने जसमध्ये २,७३७ जना बालबालिकाले जीवन गुमाएका थिए र २,१०७ बालबालिका घाइते भएका थिए। भूकम्पलगायतका प्राकृतिक विपत्तिको अवस्थामा हुने जोखिम र नाजुक अवस्थाको फाइदा उठाएर उनीहरूलाई विभिन्न प्रलोभनमा पारेर आफ्नो अभिभावक, परिवार र समाजबाट अनाधिकृत रूपमा अलग्याउने, बिना रेकर्ड स्थानान्तरण गर्ने विभिन्न प्रयोजनका लागि ओसारपसार गर्ने जस्ता कार्यलाई नियन्त्रण गर्नु आवश्यक हुन्छ। यसैले बालबालिका लागि भूकम्पलगायतका प्राकृतिक विपत्तिविरुद्धको सजगतासम्बन्धी सचेतन कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ।परम्परागत कुरीति तथा हानिकारक व्यवहारहरूः नेपालमा रहेका विभिन्न धर्म सम्प्रदाय तथा जातजातिहरूमाभ परम्परागत रुपमा चलिआएका धेरै व्यवहारहरू बालबालिकाको संरक्षणका हिसाबले हानिकारक छन्।

यस अन्तर्गत भगवानका नाममा बालबालिकालाई मन्दिरमा चढाउने प्रथाहरू जस्तै देउकी, भुमा, महिनावारी भएका समयमा गरिने व्यवहारहरू जस्तै छाउपडी, योनिच्छेदन जस्ता कार्यहरू गलत हुन् यस्ता कार्यहरूलाई कानुनले पनि निषेधित गरेको छ।

परिणाम तथा असरहरू

नेपालमा बालबालिकामाथि भइरहेका यस्ता व्यवहारहरूले उनीहरूको जीवनमा गम्भीर नकारात्मक असरहरू पारिरहेको छ । जसले गर्दा हजारौं बालबालिकाको भविष्य अनिश्चित हुने क्रम जारी छ । नेपाली समाजमा आर्थिक, सामाजिक समस्या, द्वन्द्व तथा अपराधहरू बढिरहेका छन् । परिणामस्वरूप दीगो शान्ति स्थापना तथा लोकतन्त्रको विकास र संवर्धनमा पनि नकारात्मक असर परिरहेको छ ।

नेपालमा गरिबी र सामाजिक भेदभाव एवं बञ्चितीकरणको सिकार भएका समुदायका बालबालिका शैक्षिक एवं व्यक्तित्व विकासका अवसरहरू, स्वास्थ्य सुविधाहरू तथा पहिचान र जन्मदर्ता जस्ता न्यूनतम अधिकारहरूको उपभोग गर्न पाइरहेका छैनन् । उनीहरू बालमृत्यु, अपाङ्गता अशिक्षा, अपराध तथा गरिबीको दुष्चक्रमा आफ्नो बालापन बिताउन बाध्य छन् ।

मानव अधिकार वर्ष पुस्तक २०१५ अनुसार सन् २०१४ भित्र ९४० वटा बालअधिकार हनन् तथा बालबालिकामाथि ज्यादतीका घटना भएको पाइएको छ । जसमध्ये बलात्कार र यौन दुर्व्यवहारका घटनाहरू धेरै हुने गरेका छन् । शिक्षाको क्षेत्रमा दलित र जनजाति बालबालिकाको पहुँचको हिसाबले २०७१ मा बालविकास केन्द्रमा जम्मा १०,१४,३३९ भर्ना भएकोमा दलित बालबालिकाको संख्या १८.० प्रतिशत रहेको छ । जसमा बालक १७.४ र बालिका १८.८ रहेकाछन् । यसैगरी जनजाति बालबालिकामध्ये बालक ३८.५ प्रतिशत र ३८.८ प्रतिशत गरी जम्मा ३८.६ रहेका छन् । प्राथमिकस्तरमा एक कक्षामा भर्ना भई कक्षा ५ सम्ममा पुग्ने बालबालिकाको प्रतिशत ८६.८ प्रतिशत रहेको छ भने कक्षा ८ सम्म पुग्ने बालबालिकाको प्रतिशत ७४.६ रहेको छ ।

नेपालमा बालबालिकाको स्थितिसम्बन्धी प्रतिवेदनका अनुसार सन् २०१४ मा नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २३ रहेको छ ।

युनिसेफको सन् २०१५ को प्रतिवेदनअनुसार १७.८ प्रतिशत बालबालिका जन्मँदै कम तौलका जन्मिएका र ६९.६ प्रतिशत बालबालिकाले ६ महिनासम्म आमाको दूधमात्र पिउन पाएको पाइएको छ ।

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७०/७१ अनुसार सन् २०१३ सम्म नेपालमा एचआइभि/एड्स संक्रमितको संख्या ४०,७२३ रहेको छ जसमध्ये ३,२८२ जना (८ प्रतिशत) बालबालिका छन् ।

पञ्जिकरण विभागका अनुसार २०७१ मा ४,२१,५०३ बालक र ४,५४,६९० गरी जम्मा ८,७६,१९३ जनाको जन्मदर्ता भएको पाइन्छ ।

## तेस्रो एकाइ
## बाल संरक्षण : नीति, नियम तथा कार्यक्रमहरू

बालबालिकाको संरक्षण तथा उनीहरूको पुनर्स्थापनाका लागि राष्ट्रिय, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय स्तरमा विभिन्न नीति, नियम, महासन्धिहरू निर्देशिकाहरू तथा कार्यक्रमहरू लागू भई सञ्चालन भइरहेका छन् । नेपालमा पनि नेपाल सरकारले अन्तर्राष्ट्रिय महासन्धि तथा प्रलेखहरू तथा क्षेत्रीय अभिसन्धिहरू एवं राष्ट्रिय कानुनहरू लागू गरेको छ भने विभिन्न सरकारी तथा गैरसरसकारी निकायहरूबाट बाल संरक्षणका विभिन्न कार्यक्रमहरू पनि सञ्चालन भइरहे का छन् ।

३.१ नेपालमा लागू हुने अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धि एवं कानुनहरू
नेपालमा बालबालिकाको संरक्षणका लागि निम्न महासन्धिहरू तथा क्षेत्रीय अभिसन्धिहरू कानुन सरह लागू हुन्छन् :
बालअधिकार महासन्धि १९८९ मा उल्लेख भएका प्रावधानहरूः

भेदभाव गर्न नहुने (धारा २) नाम र राष्ट्रियता (धारा ७) अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहन (धारा ११) गोपनीयता– निजीपनको संरक्षण (धारा १६) दुर्व्यवहार, हिंसा वा उपेक्षाबाट संरक्षण (धारा २६), बालश्रम रोक्ने (धारा ३२) लागू पदार्थको दुरुपयोग र दुर्व्यसनबाट संरक्षण (धारा ३३), यौन शोषणबाट संरक्षण (धारा ३४), बेचबिखन, सौदाबाजी र अपहरणबाट संरक्षण (धारा ३५), अन्य किसिमका शोषणबाट पनि संरक्षण (धारा ३६), यातना र स्वतन्त्रताको अपहरण हुनबाट संरक्षण (धारा ३७), सशस्त्र संघर्षमा सहभागिता तथा यसका नकारात्मक असरहरूबाट संरक्षण (धारा ३८), बाल न्यायको व्यवस्था (धारा ४०) ।

बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आले ख, २००० :

यस ऐच्छिक आलेखले राज्यहरूलाई बालबालिकाको यौन शोषण, दुर्व्यवहार, बेचबिखन तथा अश्लील चित्रण हुनबाट रोक्न, यस्ता समस्याबाट प्रभावित भएका बालबालिकाको संरक्षण, न्याय र पुनर्स्थापना गर्न तथा भविष्यमा यस्ता समस्याबाट खतरामा रहेका बालबालिकालाई विशेष संरक्षण प्रदान गर्न जिम्मेवार बनाएको छ ।

सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता रोक्ने ऐच्छिक आलेख २००१ :
यस ऐच्छिक आलेखले बालबालिकालाई कुनै पनि रूपमा सशस्त्र द्वन्द्व, लडाईं तथा संघर्षहरूमा सहभागी हुनबाट रोक्न, बालबालिका र उनीहरूले प्रयोग गर्ने स्थानहरूलाई यस प्रकारका द्वन्द्वहरूको नकारात्मक प्रभावहरूबाट संरक्षण गर्न विशेष व्यवस्था गरेको छ ।

बालअधिकारसम्बन्धी महासन्धिको बालअधिकार हनन्को उजुरीसम्बन्धमा ऐच्छिक आलेख २०११ :
डिसेम्बर १९, २०११ का दिनमा संयुक्त राष्ट्र संघले पारित गरेको यस ऐच्छिक आलेखले बालबालिकाले आफ्नो राष्ट्रका निकायहरूले बालअधिकार हनन्का सवालमा न्याय दिन नसकेको वा बालअधिकार हनन् रोक्न नसकेको महसुस गरेमा व्यक्तिगत रूपमा पनि संयुक्त राष्ट्र संघको बालअधिकार समितिमा उजुरी दिन सकिने व्यवस्था गरेको छ । सन् २०१४ देखि यो सन्धिपत्र विश्वव्यापी रूपमा कार्यान्वयनमा आएको छ तर नेपालले हालसम्म अनुमोदन नगरेको हुनाले

यो सन्धिपत्र नेपालमा लागू हुन सक्दैन ।

बालबालिकाको संरक्षण र अधिकार संवर्धनका लागि यो ऐच्छिक आलेख अत्यन्तै महत्वपूर्ण साबित रहन सक्ने भएकोले नेपालले यसलाई अनुमोदन गर्न र यसको कार्यान्वयनका लागि नागरिक समाजहरू तथा बालअधिकार कर्मीहरू एकजुट भई कार्य गर्न जरुरी छ ।

निकृष्ट बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १८२ :

महासन्धिले १८ वर्ष मुनिका सबै बालबालिकालाई निकृष्ट प्रकारको जोखिमयुक्त श्रममा लगाउन निषेध गरेको छ :

- दासत्व वा सो सरहका सबै स्वरूपहरू, बालबालिकाको बेचबिखन, ओसारपसार, ऋण बँधुवा बाँधाश्रम, सशस्त्र संघर्षका लागि बालबालिकाको अनिवार्य वा जबरजस्ती भर्नालगायत कुनै पनि जबरजस्ती वा अनिवार्य श्रम
- देह व्यापार, अश्लील चित्रण वा प्रदर्शनहरूका लागि बालबालिकाका प्रयोग, प्राप्ति वा अर्पण
- गैकानुनी क्रियाकलापहरू खासगरी लागू औषधहरूको उत्पादन तथा ओसारपसारका लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण
- बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानि पुऱ्याउन सक्ने कार्यहरू ।

महिलाविरुद्ध हुने सबै खाले भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९
यस महासन्धिले विशेष रूपमा बालिकाहरूलाई समान अवसर सुनिश्चित गर्न तथा उनीहरूविरुद्ध हुन सक्ने हिंसा, दुर्व्यवहार र शोषणबाट बचाउनका लागि कानुनी, सामाजिक तथा सांस्कृतिक संरक्षण प्रदान गर्नका लागि राज्यपक्षलाई जिम्मेवार बनाएको छ ।

सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९६५
यस महासन्धिले जातीय विभेदको सिकार हुन सक्ने जोखिमतामा रहेका बालबालिकाको संरक्षणका लागि राज्यपक्षलाई जिम्मेवार बनाएको छ ।

३.२ राष्ट्रिय कानुनहरू
नेपालको संविधान २०७२
नेपालको संविधान २०७२ मा बालबालिकाको सम्बन्धमा देहायका अधिकारहरू प्रत्याभूत गरिएका छन् :
समानताको हक (१८) : सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समाज संरक्षणबाट बञ्चित गरिने छैन । तर बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासकालागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

बालबालिकाको हकलाई मौलिक हक भित्र समावेश गरिएको छ । धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ यसमा निम्न हकहरू समावेस गरिएका छन् :
(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।
(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ।

(४) प्रत्येक बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बालविवाह, गैकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक मानसिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित व्यवहार गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरितका कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

बालबालिका सम्बन्धी ऐन २०४८

प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले, आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म संस्कृति र चलनअनुसार बालकको नाम राखिदिनु पर्छ। बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकामा वा पत्ता नलागेकामा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था ऐनको दफा ३(१) ले गरेको छ। यस्तै ऐनको दफा ४(१) ले बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्थाअनुसार प्रत्येक बालकको पालन पोषण गर्नुका अतिरिक्त जस्ता प्रावधान राखेको छ भने परिच्छेद ३ ले बालबालिकाको संरक्षणको अधिकारलाई सुरक्षित गरेको छ।

बालश्रम (निषेध र नियमित) ऐन २०५६

कसैले पनि बालकलाई ललाईफकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजका इच्छाविरुद्ध श्रमिकका रूपमा काममा लगाउनु हुँदैन भन्ने व्यहोरा ऐनको दफा ४ मा उल्लेख गरिएको छ। यसैगरी बालकलाई काममा लगाउँदा दिनमा ५ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन भन्ने व्यहोरा दफा ९(२)मा रहेको छ। ऐनको दफा १०(१) ले प्रतिष्ठानले श्रमिकका रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४

यस ऐनले कुनै पनि बालबालिकालाई ललाइफकाई, धाकधम्की, अपहरण, लोभ वा प्रलोभनमा पारी यौन शोषण, कुनै प्रकारका आर्थिक लाभ लिनका लागि करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान, व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा

विदेशमा लैजाने वा अरु कसैलाई दिने जस्ता कार्य गर्न नपाइने कुराहरूको व्यवस्था गरेको छ ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६
यस ऐनले प्रत्येक बालबालिकाले सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाएको छ । यस अन्तर्गत कुनै पनि बालबालिकालाई मानसिक, यौनजन्य, आर्थिक यातना तथा भावनात्मक रूपमा चोट वा असर पर्ने कुनै पनि कार्यलाई दण्डनीय मानी पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न यस ऐनको व्यवस्था गरिएको हो ।

बालन्याय (कार्यविधि) नियमावली २०६३
यस कार्यविधिले कुनै पनि बालबालिका कानुनी विवादमा परेको अवस्थामा उनीहरूलाई संरक्षण गर्नका लागि अपनाउनु पर्ने कुरालाई उल्लेख गरिएको छ । यसमा बालबालिकाका लागि छुट्टै सुधार गृह, बालइजलास, बालमनोविमर्शकर्ता, महिला प्रहरी जस्ता संरचनागत कुराको व्यवस्था गरेको छ भने यसमा प्रहरी, अदालतजस्ता निकायले बालन्यायका लागि अवलम्बन गर्नु पर्ने प्रक्रियाको बारेमा प्रष्ट पारेको छ ।

३.३ नीति तथा कार्यक्रमहरू
बालबालिकासम्बन्धी १० वर्षीय राष्ट्रिय कार्ययोजना (२०६१/६२–२०७१/७२)ले बालबालिकाले आफू सुहाउँदो समुदायमा आफ्ना अधिकारहरू भरपुर उपयोग गर्नेछन् र तिनीहरूको पूर्ण सामर्थ्यको उपयोग र महसुस गर्नेछन् भनी दीर्घकालीन सोच (Vision) निर्धारिण गरेको छ । यस्तै बालमैत्री वातावरणको प्रवर्धन गर्दै बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालबालिकाको जीवन स्तर उच्च पार्ने प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य तोकिएको छ । यस कार्ययोजनाले शिक्षा, बालविकास, स्वास्थ्य, पोषण र अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्धन गर्ने उद्देश्य लिएको छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि तथा निर्देशिका २०६८
नेपाल सरकारले स्थानीय निकायलाई बालमैत्री बनाउने अभिप्रायले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तयार गरी कार्यान्वयनमा ल्याएको छ। कार्यविधिअनुसार स्थानीय निकायहरूले कार्यक्रम सञ्चालन गर्दा बालमैत्री कार्यक्रम सञ्चालन गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । यस निर्देशिकाले स्थानीय निकायहरूले बालबालिकालाई लक्षित गरी उनीहरूको संरक्षण, संवर्धन र बालअधिकारको सुनिश्चितता हुने कार्यक्रम सञ्चालन गरी स्थानीय निकायलाई बालमैत्री बनाउनु पर्ने व्यवस्था गरेको छ । उक्त कार्यविधिमा बालमैत्री स्थानीय शासनको परिभाषा, नेपालमा बालमैत्री स्थानीय शासनको थालनी, बालमैत्री स्थानीय शासनको महत्व तथा साझेदारहरूका बारेमा निम्न अनुसार उल्लेख गरिएको छ :

बालश्रम निवारणसम्बन्धी गुरुयोजना बालश्रमको निवारणलाई लक्षित गरी निर्माण गरिएको योजना हो । यसमा सन् २०१६ सम्म निकृष्ट प्रकारको बालश्रम तथा सन् २०२० सम्ममा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने लक्ष्य राखिएको छ ।

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ले विद्यालयमा हुने सबै प्रकारका हिंसा, भेदभाव, बन्द वा हडताल जस्ता विषयलाई अन्त्य गर्न ल्याइएको कार्यक्रम हो । यस निर्देशिकाले विद्यालयमा बालसंरक्षण समितिको निर्माण गर्नुपर्ने, विद्यालयमा कुनै राजनैतिक सभा वा सम्मेलन गर्न नपाइने, बालबालिकालाई बन्द हड्तालमा सहभागी गराउन नहुने, कुनै पनि सशस्त्र समूहको प्रवेशलाई निषेध गर्ने जस्ता विषयलाई उल्लेख गरेको छ ।

विद्यालय क्षेत्र सुधार योजना

विद्यालय क्षेत्र सुधार योजना नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा परिलक्षित आधारभूत तथा माध्यमिक शिक्षाका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न आ.व. २०६६/६७ देखि २०७२/७३ सम्मका लागि तयार गरिएको एउटा दीर्घकालीन रणनीतिक योजना हो । यस योजनाले बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न प्रारम्भिक तहदेखि उच्च माध्यमिक विद्यालय तहसम्मको संरचनात्मक अवधारणालाई व्यवस्थित गरी अगाडि ल्याउनुका साथै विद्यार्थी भर्ना दर बढाउन, शिक्षाको गुणस्तरमा सुधार गर्न, बालमैत्री शिक्षण विधि अवलम्बन गर्न विभिन्न कारणले विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन, शिक्षा क्षेत्रमा स्थानीय सरकारको सहभागिता बढाउन, विद्यालय व्यवस्थापनलाई व्यवस्थित र समय सापेक्ष बनाउन विभिन्न रणनीतिका साथ वृहत् कार्ययोजना अगाडि सारेको छ । विद्यालय क्षेत्र सुधार योजनाले गरिब तथा पिछडिएका वर्ग तथा समुदायका बालबालिकाका लागि, दलित बालबालिकाका लागि साथै सबै बालिकाका लागि विशेष छात्रवृत्ति मार्फत शिक्षाको अधिकारलाई सम्बोधन गर्ने प्रयास गरेको छ । विद्यालयमा भर्ना दर बढाउनका लागि मातृभाषा शिक्षा तथा आय आर्जनका कार्यक्रम, विद्यालयको भौतिक गुणस्तर वृद्धि, समय सापेक्ष शिक्षण सिकाइ क्रियाकलापका लागि शिक्षक तालिम जस्ता कुरालाई महत्वका साथ यस योजनाले अगाडि सारेको छ ।

३.४ संरचना र निकायहरू :

केन्द्रीय स्तरका निकायहरूः

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी महिला तथा बालबालिका सेवा निर्देशनालय ।

जिल्ला स्तरका निकायहरू

- जिल्ला बालकल्याण समिति, महिला तथा बालबालिका कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र
- गाउँ वा नगरस्तरका निकायहरू
- गाउँ विकास समिति, नगरपालिका, नगर तथा गाउँ बालसंरक्षण समिति
- गैरसरकारी संघ संस्थाहरू

विभिन्न गैरसरकारी संघ संस्थाहरूले बालबालिकाको क्षेत्रमा काम गर्दै आइरहेका छन् । राष्ट्रिय स्तरमा सिविन, सिविस, भ्वाइस अफ द चिल्ड्रेनले मुख्य रूपमा काम गर्दै आएका छन् भने स्थानीय स्तरमा अन्य गैरसरकारी संस्थाहरू कार्यरत रहेका छन् ।

# चौथो एकाइ :
# बाल संरक्षण समिति र कार्यक्रमहरू

## ४.१ बाल संरक्षण समिति के हो ?

बालबालिकाको संरक्षण तथा बालअधिकारको संवर्धन गर्नका लागि स्थानीय स्तरमा सक्रिय वयस्कहरू सम्मिलित भई गठन गरेको समूह नै बाल संरक्षण समिति हो ।

## ४.२ बाल संरक्षण समिति कहाँ-कहाँ स्थापना हुन सक्दछ ?

स्थानीय अभिभावकहरू वा बालबालिकासँग सरोकार राख्ने वयस्कहरू सम्मिलित भई बालसंरक्षण समिति गठन गर्न सक्छन् । नेपाल सरकारले जारी गरेको बालअधिकार संरक्षण तथा संवर्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ ले बालबालिकासँग प्रत्यक्ष सरोकार रहने स्थान तथा निकायहरूले नगर स्तरमा गाउँ स्तरमा बाल संरक्षण समितिहरू गठन गर्नु पर्ने प्रावधान राखेको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ अनुसार विद्यालय स्तरमा पनि बाल संरक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यसबाहेक स्थानीय स्तरमा बालसंरक्षणसँग सरोकार राख्ने निकायहरू, अभिभावकहरू तथा बालबालिका मिलेर आफ्नो वडामा बाल संरक्षण समिति गठन गर्न सक्दछन् । यो कार्यलाई टोलस्तरमा समेत बिस्तार गर्न सक्दछन् ।

## ४.३ बालसंरक्षण समितिको गठन तथा सदस्यता :

बालसंरक्षण समितिको सदस्य संख्या माथि उल्लेखित निर्देशिका-बाल अधिकार संरक्षण तथा संवर्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ र विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले उल्लेख गरे अनुसार हुनेछ ।

| जिल्ला बालसंरक्षण तथा संवर्धन उप-समिति | |
|---|---|
| १. जिल्ला बालकल्याण अधिकारी | संयोजक |
| २. जिल्ला शिक्षा कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ३. जिल्ला जनस्वास्थ्य कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ४. जिल्ला विकास समितिको पदाधिकारी वा अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ५. जिल्ला बालन्याय समन्वय समितिको सदस्य सचिव वा जिल्ला अदालतको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ६. बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि | सदस्य |
| ७. पत्रकार महासंघ अन्तर्गतको जिल्ला तहका प्रतिनिधि | सदस्य |
| ८. बालक्लब जिल्ला सञ्जालको प्रतिनिधि | सदस्य |
| ९. जिल्ला बालकल्याण समितिको कार्यक्रम हेर्ने अधिकृत सदस्य-सचिव | सदस्य |
| **गाउँ नगर बालसंरक्षण तथा संवर्धन उप-समिति** | |
| १. गाउँ विकास समिति/नगरपालिकाको प्रतिनिधि | सदस्य |
| २. शिक्षक | सदस्य |
| ३. महिला स्वास्थ्य कार्यकता | सदस्य |
| ४. महिला कार्यकता | सदस्य |
| ५. बालअधिकारकर्मी/नागरिक समाजका प्रतिनिधि | सदस्य |
| ६. बालक्लबका प्रतिनिधि | सदस्य |
| ७. आदिवासी, जनजाति, मधेसी, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी ३ जना माथिका सदस्यहरूमध्येबाट १ जना संयोजक चयन गरिनेछ । | सदस् |

पनि जिल्ला, नगर तथा गाउँ स्तरमा उक्त समितिहरूको निर्माण तथा कार्यक्रम अभ्यासमा नेपाल प्रहरी महिला तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधि तथा सामुदायिक प्रहरी सेवा वा प्रतिनिधिलाई पनि राख्ने गरेको पाइन्छ ।४.४ बालसंरक्षण समितिले गर्ने कार्यहरू :

| विद्यालय स्तरीय बालसंरक्षण तथा संवर्धन उप-समिति | |
|---|---|
| १.प्रधानाध्यापक वा निजले तोकेको शिक्षक | संयोजक |
| २. बालक्लबका प्रतिनिधि दुईजना (एक जना बालक र एक जना बालिका) | सदस्य |
| ३. शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको प्रतिनिधि एकजना (उपलब्ध भएसम्म महिला शिक्षक अनिवार्य) | सदस्य |
| ४. अभिभावकमध्येबाट PTA तथा SMC ले तोकेको अभिभावक एकजना | सदस्य |
| ५. बालअधिकारकर्मी/नागरिक समाजका प्रतिनिधि एकजना | सदस्य |
| ६. विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि एकजना | सदस्य |

४.४ बालसंरक्षण समितिले गर्ने कार्यहरू :

बाल संरक्षण समितिले बालबालिकाको सर्वोत्तम हित तथा बालसंरक्षणका लागि निम्न कार्यहरू गर्न सक्छन्:

(क) .बाल संरक्षणका सवालहरूको पहिचान : बालसंरक्षण समितीले बालसंरक्षणका सवालहरूको पहिचान गर्नु पर्ने सबैभन्दा पहिलो काम हो । यस पछि मात्र सवालसँग सम्बन्धित विभिन्न कार्यक्रमहरूको निर्माण, अनुसन्धान तथा जनचेतनामूलक कार्यक्रमहरू गर्न सक्छ । हाम्रो समाज तथा समुदायमा बालसंरक्षणका के-के सवालहरू छन् साथै तिनीहरूको अवस्था कस्तो छ र कसरी समाधान गर्न सकिन्छ भनेर पनि विश्लेषण गर्न सकिन्छ ।

(ख) रोकथाम तथा चेतनामूलक कार्यक्रमहरू : स्थानीय स्तरमा बालअधिकार र बालसंरक्षणसम्बन्धी जनचेतना बढाउनका लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सक्दछ । बालसंरक्षणका सवालहरू त्यसका कारण, असर तथा त्यसबाट बालबालिका तथा समाजलाई कसरी बचाउन सकिन्छ भने विभिन्न जनचेतनामूलक तथा रोकथामका कार्यक्रमहरू जस्तै र्‍याली, घर दैलो, अनुशिक्षण, पर्चा वितरण, सडक नाटक, विद्यालय सचेतना अभियान भित्ते पत्रिका आदि ।

(ग) नीतिगत पैरवीका कार्यक्रमहरू : स्थानीय तथा राष्ट्रिय नीतिहरूमा बालबालिकाको हक अधिकार सुरक्षित गर्न तथा राज्यको जिम्मेवारी प्रवर्धन गर्नका लागि एकल वा सामूहिक रूपमा बालसंरक्षण समितिहरूले विभिन्न नीतिगत पैरबीका कार्यक्रमहरू सञ्चालन गर्न सक्दछन् । जस्तै : सार्वजनिक सुनुवाइ, प्रतिनिधिमण्डल, ज्ञापन पत्र, हस्ताक्षर संकलन अभियान, घोषणा अभियान आदि ।

(घ) सेवामूलक कार्यक्रमहरू : बालबालिकाको संरक्षणका लागि तथा उनीहरूको हक अधिकारलाई परिपूर्ति गर्नका लागि स्थानीय प्रयासस्वरूप बालसंरक्षण समितिहरूले विभिन्न सेवामूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न सक्छन् । जस्तै : खोप अभियान, स्वास्थ्य शिविर, विद्यालय भर्ना अभियान, छात्रवृत्ति उपलब्ध गराउने, अनौपचारिक शिक्षा कार्यक्रमहरू, जोखिममा परेका बालबालिकाको उद्धार र पुनर्स्थापनासँग सम्बन्धित कामहरू आदि ।

(ङ) उजुरी र सुनुवाइसँग सम्बन्धित कार्यक्रमहरू तथा सिफारिस प्रणाली : बालसंरक्षण समितिहरूले गर्ने कामहरूमध्ये का दुई प्रमुख काम हुन् – उजुरी र सुनुवाइसँग सम्बन्धित कार्यक्रमहरू सिफारिस प्रक्रिया । बालबालिकालाई परिरहे का समस्याहरू, बालअधिकार हनन्का घटनाहरू तथा बालबालिकाविरुद्ध भइरहेका हिंसा तथा दुर्व्यवहारको उजुरी गर्ने व्यवस्था तथा त्यसको उपयुक्त सुनुवाइको व्यवस्था गर्ने काम पनि बालसंरक्षण समितिको हो । यसका लागि विभिन्न स्थानमा उजुरी पेटिका राख्ने, बालबालिकालाई आफूलाई परेको समस्या भन्न वा लेख्न लगाउने अभियानहरू चलाउने, बालबालिकाले गरेका उजुरीहरूमा स्थानीय स्तरमा समाधान हुन सक्ने समस्याहरूको स्थानीय सुनुवाइ गने ', सामुदायिक मध्यस्थता गर्ने तथा गम्भिर समस्याहरूलाई सम्बन्धित निकाय तथा संघ संस्थाहरूमा जानकारी गराउने र आवश्यक समय र परिस्थितिमा सम्बन्धित निकायमा सिफारिस गर्ने काम पनि बालसंरक्षण समितीले गर्न सक्छ ।

(च) पुनर्स्थापनासम्बन्धी कार्य : बालसंरक्षण समितीले अन्य कामहरू जस्तै हिंसा, दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार तथा बालबालिकाको उचित पुनर्स्थापनामा सहयोग गर्न तथा पारिवारिक मिलनका लागि कार्यहरू गर्न सक्छ । यसरी परिवारमा पुनर्मिलन भएका बालबालिका उनीहरूका परिवारसँगै दिगो रूपमा बस्ने वातावरण मिलाउनका लागि परिवारलाई सीप विकास तथा आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

# पाँचौ एकाइ
# बालसंरक्षण : स्रोत परिचालन तथा सिफारिस प्रणाली

सिफारिस प्रणाली

बालसंरक्षण कार्यमा सिफारिस प्रणालीको ठूलो भूमिका रहन्छ । बालबालिकामाथि भएका संरक्षणका सवालहरूलाई तुरुन्त सम्बोधन गर्न जोसँग सेवा सुविधा तथा क्षमता छ त्यो उपलब्ध गराउन सकिन्छ। यसको मतलब सबै सुविधा एकै संस्था वा निकायसँग नहुन सक्छ । सिफारिस प्रणाली भनेको बालसंरक्षण कार्य सम्बोधन गर्नका लागि सेवा प्रदायक निकायहरूले मिलेर कार्य गर्न सक्छन् भन्ने बारेमा योजना तर्जुमा गर्नु हो ।

बाल संरक्षण समितिले विभिन्न तरिकाले स्थानीय स्तरमा आफूलाई आवश्यक पर्ने स्रोतहरू परिचालन गर्न सक्छ । यसका लागि तल उल्लेख गरिएका कदमहरू उपयुक्त हुन सक्छन् :

पहिलो कदम

आवश्यकताको पहिचान :

यस अन्तर्गत बाल संरक्षण समितिले सञ्चालन गर्ने कार्यक्रम तथा उपलब्ध गर्ने सेवाका लागि न्यूनतम आवश्यक पने ', प्रभावकारिता बढाउने र हुँदा राम्रो हुने गरी तीन किसिमका आवश्यकताहरू पहिचान गर्नुपर्दछ ।

दोस्रो कदम

स्रोतको पहिचान :

पहिचान गरेका आवश्यकताहरू पूरा गर्नका लागि स्थानीय तहमा कसले सहयोग प्रदान गर्न सक्छ भनी सूचीकरण वा श्रोत गर्नु पर्छ । स्थानीय निकायले बालबालिकाको लागि के कति रकम छुट्ट्याएको छ र उक्त रकम के-के मा खर्च हुन्छ भन्ने बारेमा जानकारी लिने । यसो गर्दा निम्न प्रश्नहरूको आधारमा पहिचान गर्नेः लेखिएको आवश्यकता कसले सहयोग गर्न सक्छ ? उक्त सहयोगीको सर्त के हुन सक्छ ? उक्त सहयोगीले कहिलेसम्म सहयोग गर्न सक्छ ?
यदि उसले गरेन भने विकल्प के हुन सक्छ ? उसँग सहयोग माग्ने प्रकृया के हो ? कुन सदस्यले जिम्मेवारी लिने ?

तेस्रो कदम

स्रोत नक्साङ्कन :

बाल संरक्षण समितिका कार्यहरूलाई सहयोग गर्न सक्ने निकायहरूको सूचीकरण गरी आवश्यकता पर्दा तत्कालै प्रयो ग गर्न सकिने गरी अभिलेख राख्ने । यसका लागि तल उल्लेख गरिएको नमुना प्रयोग गर्न सकिन्छ :

| सम्भावित सेवा वा सहयोग | संस्था वा निकायको नाम | सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर | सीमितता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

चौथो कदम

स्रोतहरूको सम्मान तथा प्रशंसा र पारदर्शिता :

सम्बन्धित निकाय वा संस्थाहरूबाट प्राप्त सहयोगका लागि धन्यवाद सहित उनीहरूलाई कार्यक्रम वा कार्यबाट भएको उपलब्धि, खर्च विवरण तथा यदि बिल भर्पाइहरू आवश्यक भए सो सहित उल्लेख गरी समयमा नै जानकारी दिनुपर्छ । साथै कार्यक्रममा पनि सहयोगी संस्थाहरूलाई निमन्त्रण गर्ने र उनीहरूले के कति सहयोग गरे सहभागीहरूलाई जानकारी गराउने गर्नुपर्दछ । समय समयमा सहयोगी निकायहरूलाई समेत सहभागी गराएर कार्यक्रमको समीक्षा गर्दा अझ प्रभावकारी हुन सक्दछ ।

छैठौं एकाइ

बालसंरक्षणमा बालबालिकाको सहभागिता

बालबालिका पनि बालसंरक्षणका विभिन्न कार्यमा सहभागीता हुन सक्छन् । उनीहरूले विद्यालयमा वा समुदाय तथा परिवारमा बालबालिकामाथि हुने कुनै पनि किसिमको दुर्व्यवहार शोषणविरुद्ध कार्यहरू गर्न सक्छन् । बालबालिकाको प्रत्यक्ष संलग्नता, सहभागिता र सुझावमा बालबालिकाका संरक्षणका सवालहरूको पहिचान, प्राथामिकीकरण, संरक्षण न्यायिक तथा पुनर्स्थापना कार्य जोखिम न्यूनीकरण एवं समस्या सम्बोधनका लागि नीति नियम तथा कार्यक्रमहरूको पैरबी, निर्माण, कार्यान्वियन, अनुगमन, मूल्याङ्कन र समीक्षा तथा प्रचार प्रसारको प्रक्रियालाई नै बालसंरक्षण कार्यमा बालसहभागिता भनिन्छ ।

बालसंरक्षणमा बालबालिकाको सहभागिता

बालबालिका पनि बालसंरक्षणका विभिन्न कार्यमा सहभागीता हुन सक्छन् । उनीहरूले विद्यालयमा वा समुदाय तथा परिवारमा बालबालिकामाथि हुने कुनै पनि किसिमको दुर्व्यवहार, शोषणविरुद्ध कार्यहरू गर्न सक्छन् । बालबालिकाको प्रत्यक्ष संलग्नता, सहभागिता र सुझावमा बालबालिकाका संरक्षणका सवालहरूको पहिचान, प्राथामिकीकरण, संरक्षण न्यायिक तथा पुनर्स्थापना कार्य जोखिम न्यूनीकरण एवं समस्या सम्बोधनका लागि नीति नियम तथा कार्यक्रमहरूको पैरबी, निर्माण, कार्यान्वियन, अनुगमन, मूल्याङ्कन र समीक्षा तथा प्रचार प्रसारको प्रक्रियालाई नै बालसंरक्षण कार्यमा बालसहभागिता भनिन्छ ।

बालबालिका तथा बालक्लबहरूकै सहभागितामा बालबालिकामाथिको दुर्व्यवहार, उपेक्षा, हिंसा र शोषणको रोकथाम तथा सम्बोधन गर्नका लागि पनि बालसंरक्षणका लागि गरिने बालसहभागिता हो ।

बालसंरक्षणका लागि बालसहभागिता किन ?

- वयस्कहरूको तुलनामा बालबालिकाका आवश्यकताहरू फरक हुन्छन् । बालबालिकाका समस्याहरू पहिचान गर्नका लागि सम्बन्धित प्रमुख सरोकारवाला नै बालबालिका भएकाले पनि बालसंरक्षणका लागि बालसहभागिताको आवश्यकता पर्दछ ।
- बालबालिकाले बालसंरक्षणका  सरोकारका सवालहरूको रोकथाम तथा सम्बोधनमा सहयोग पुऱ्याउन सक्छन् ।
- बालबालिकाको सहभागिताले उनीहरूको समुन्नति, सुरक्षा र विचारको सम्मान हुन्छ ।
- बालबालिकालाई संरक्षणमा सहभागी गराउँदा परिवारहरू, समुदायहरू र सेवा प्रदायकहरूको भूमिका बुझ्न र त्यसको सम्मान गर्न उनीहरू उत्साही हुन्छन् ।
- बालबालिकालाई संरक्षणमा सहभागी गराउनु उनीहरूको शिक्षा प्रक्रियाको अंश हो किनकि यसबाट उनीहरूले दुर्व्यवहार र हिंसा गलत हो भन्ने सिक्न सक्छन् ।

◆ बालबालिकालाई संरक्षणमा सहभागी गराउनाले सामाजिक धारणा, ज्ञान र व्यवहार परिवर्तनमा दीर्घकालीन

| केका लागि | कहाँ | कसरी |
|---|---|---|
| जोखिमको पहिचान तथा न्यूनीकरण | बालक्लब, घर परिवार, विद्यालय समुदाय | परामर्श, छलफल तथा गुनासाहरूका सुनुवाइ |
| सेवाप्रदायक निकायहरूको खोजी, सेवामा पहुँच र सिफारिस प्रणाली | विद्यालय, समुदाय र सामुदायिक संस्था, गाविस वा गाविस स्तरीय निकायहरू, जिल्ला स्तरीय सर कारी निकाय र अन्य गैर सरकारी संस्थाहरू | उजुरी पेटिकाको व्यवस्था, बाल संरक्षण समितिमा प्रतिनिधित्व, गोप्य सुनुवाइको सुनिश्चितता, प्रभावित, पीडित र साक्षी बालबालिकाको सुर क्षाको सुनिश्चितता, उपलब्ध सेवा पहुँच प्रक्रिया र सीमिततताहरूका बारेमा जानकारी |
| नीतिगत पैरबी | गाविस वा गाविस स्तरीय निकायहरू, जिल्ला स्तरीय सरकारी निकाय र अन्य गैरसरकारी संस्थाहरू, सरकारका केन्द्रीय निकाय वा राष्ट्रिय स्तरका संस्थाहरू, अन्तर्राष्ट्रिय स्तरमा सहभागिता | बालबालिकाका प्रतिनिधि मण्डलसँग भेटघाट तथा ज्ञापन पत्र, नीतिगत विषयमा बालचेतना कार्यक्रम, नीतिगत विषयहरूमा बालबालिकाको सुझाव संकलन, बालमेला तथा र्‍याली, बालसुनुवाइ कार्यक्रम, बालपत्रकारिता, बालसंरक्षणका विषयमा सिर्जनात्मक कार्यक्रम |
| योजना निर्माण र कार्यान्वयन | बालक्लब, गाविस वा जिल्ला स्तरीय बाल( क्लब सञ्जाल, घर परिवार, विद्यालय, समुदाय र सामुदायिक संस्था, जिल्ला स्तरीय सरकारी निकाय र अन्य संस्थाहरू | योजना निर्माणमा सन्दर्भमा बालपरामर्श, बालक्लबहरूसँग कार्यक्रममा साझेदारी |
| अनुगमन र मूल्याङ्कन | बालक्लब, बालक्लब सञ्जाल र गैसरकारी संस्थाहरू | बालअनुगमन तथा समीक्षा, बालसुनुवाइ कार्यक्रम, प्रतिक्रिया संकलन बालबालिकाकै संलग्नतामा रुजु तथा कार्यक्रम भ्रमण |

माथि उल्लेख गरिएका कुराहरू केही उदाहण मात्र हुन् । बाल संरक्षण समितिले स्थानीय तहमा यस बाहेक पनि र चनात्मक र नवीन अभ्यासहरू सञ्चालन गर्न सक्छन् । तर यस्ता अभ्यासहरूले बालबालिकाको सर्वोत्तम हितको ख्याल गर्दै जोखिममा नपार्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।

सातौं एकाइ

बालसंरक्षण : कार्यक्रम तथा सेवाहरूको मूल्याङ्कन र समीक्षा

बालसंरक्षण समितिले सञ्चालन गर्ने कार्यक्रमहरूको समय–समयमा समीक्षा र मूल्याङ्कन हुनु जरुरी हुन्छ । यसले गर्दा कार्यक्रमहरूको उपलब्धिको मापन गर्न सिकाइहरूको पहिचान गर्न र व्यवहारिक रूपमा बढी प्रभावकारी हुने खालका कार्य योजनाहरू निर्माण गर्न मद्दत पुग्दछ । समीक्षा र मूल्याङ्कनले लुकेर रहेका बालसंरक्षणका सवालहरूलाई पहिचान गर्ने र नीतिगत पैरबी गर्नका निम्ति अनुभवजन्य तथ्यहरू पनि उपलब्ध हुन्छन् । यो पारदर्शितालाई अभ्यास गर्ने तथा लोकतान्त्रिक अभ्यासको अभिन्न अङ्ग पनि हो ।

बालसंरक्षण समितिहरूले आफैँ पनि सहभागी भएर आफ्ना कार्यक्रमहरूको समीक्षा र मूल्याङ्कन गर्न सक्छन् भने स्वतन्त्र मूल्याङ्कनकर्ताहरूको सहयोग लिन पनि सक्छन् । साथै बालसंरक्षणका क्षेत्रमा क्रियाशील संघ संस्था, बालसमूह तथा लक्षित समूहहरूको सहभागितामा समेत आफ्ना कार्यक्रमहरूलाई मूल्याङ्कन गर्न सकिन्छ । कार्यक्रमहरूको समीक्षा र मूल्याङ्कनका लागि निम्न प्रक्रिया अपनाउन सकिन्छ :

◆ कुनै पनि कार्यक्रम सम्पन्न हुने बित्तिकै सहभागी, समुदाय तथा बालबालिकासँग कार्यक्रमको उपलब्धि, कमजोरी र सुधार गर्न सकिने विषयहरूका बारेमा छलफल गर्ने ।

- कार्यक्रमका कारणले गर्दा लक्षित समूह, सहभागी व्यक्तिहरू तथा बालबालिकाको व्यवहार एवं बुझाइमा आएका परिवर्तनहरूको अनुगमन तथा अभिलेखीकरण गर्ने ।
- कार्यक्रमका कारणले गर्दा स्थानीय तथा राष्ट्रिय नीति, कार्यक्रम, स्रोत एवं संरचना तथा प्रणालीहरूमा आएका परिवर्तनहरूको अनुगमन तथा अभिलेखीकरण गर्ने ।
- कार्यक्रमका कारणले गर्दा  सेवा प्रदायक निकायहरूको सेवा तथा सेवा प्रक्रियामा आएका परिवर्तनहरूको अनुगमन तथा अभिलेखीकरण गर्ने ।
- आवधिक (त्रैमासिक, अर्ध वार्षिक तथा वार्षिक) रूपमा बालसंरक्षण समितिका कार्यक्रम, उपलब्धि, सफल अभ्यास, सिकाइ चुनौती तथा आगामी योजनाका बारेमा सरोकारवालाहरू सहयोगी संघ संस्था तथा बालसमूहका प्रतिनिधिहरूसँग सहभागितात्मक छलफल एवं समीक्षा सञ्चालन गर्ने ।
- सहयोगी निकाय, संघसंस्था तथा अन्य बालसंरक्षण समितिहरूसँग अनुभव आदान प्रदान तथा अन्तरक्रिया गर्ने ।

बालबालिकाबिरुद्ध हिंसा वा दुर्व्यवहार भएमा
तथा मनोसामाजिक समस्या देखापरेमा
परामर्श र सहयोगका लागि सम्पर्क गर्नुहोस

सिविस हटलाईन
१६६०–०१–१००००

नेपाल सरकार हटलाईन
१०९८ र १०४
माथिका कुनै पनि नम्बरमा फोन गर्दा पैसा तिर्नुपर्दैन ।




समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)

Children and Women in Social Services & Human Rights

त्रिरत्न मार्ग, बुद्धनगर-१०, काठमाडौं, नेपाल

पोष्ट बक्स नं. २१४३३, फोन : +९७७-१-४७८४५४५, ४७८१३८६,

फ्याक्स : +९७७-१-४७८१३८६, इमेल: info@cwish.org.np

वेब: www.cwish.org.np